# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः २ | संख्याः १९ | अभिलेखीकरण मितिः २०८३/०३/०८

## भाग-२

## भीमफेदी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन बमोजिम भीमफेदी गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८३ सालको कार्यक्रम संचालन तथा व्यवस्थापन मापदण्ड -१९

## कुखुरा प्रवर्द्धन कार्यक्रम संचालन तथा व्यवस्थापन मापदण्ड, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०५/२९

**प्रस्तावना**

भीमफेदी गाउँपालिकाको क्षेत्र भित्र वसोवास गर्ने निजी कृषकहरुले पालीआएका कुखुरा परम्परागत निर्वाहमुखी व्यवसायलाई सुधार गरी व्यवसायिक कुखुरापालन तर्फ अग्रसर गराई कुखुरापालनका लागि अनुदान स्वरुप गर्दै मासु उत्पादनमा वृद्धि गराइ आर्थिक अवस्था सुदृढ गराउन यो कुखुरा प्रवर्द्धन कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न वान्छनिय भएकोले भीमफेदी गाउँपालिकाले यो मापदण्ड बनाई लागु गरेको छ । यो मापदण्ड वार्षिक स्वीकृत कार्यक्रम कुखुरा प्रवर्द्धन कार्यक्रम क्षेत्र आर्थिक विकास उपक्षेत्र पशुपंक्षी विकासको कार्यान्वयनका लागि तयार पारिएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस मापदण्डको नाम "कुखुरा प्रवर्द्धन कार्यक्रम संचालन तथा व्यवस्थापन मापदण्ड, २०७९" रहनेछ ।

ख) यो मापदण्ड भीमफेदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा**

क. "कुखुरा प्रवर्द्धन कार्यक्रम" भन्नाले भीमफेदी गाउँपालिका भित्रका कृषक र निजी फर्महरुलाई कुखुराको व्यावसायिक खोर निर्माणका लागी गाउँपालिकाद्धारा अनुदान रकम सहयोग गर्ने जनाउदछ ।

ख. "कार्यालय" भन्नाले भीमफेदी गाउँकार्यपालिकाको कार्यालय जनाउँदछ ।

ग. "कार्यपालिका" भन्नाले भीमफेदी गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँछ ।

घ. "आर्थिक विकास समिति' भन्नाले भीमफेदी गाउँपालिकाको आर्थिक विकास समिति जनाउँछ ।

ङ. "वडा समिति" भन्नाले भीमफेदी गाउँपालिकाकाको सम्बन्धित वडाको समिति जनाउँछ ।

**३. उद्देश्यः**

३.१ खोर निर्माण कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुने

क. आधुनिक तरिकाको कुखुराको खोर निर्माण गर्ने र परम्परागत निर्वाहमुखी व्यबसायलाई सुधार गरी व्यवसायिक कुखुरापालन तर्फ अग्रसर गराउने ।

ख. साझेदारीमा अवधारणा अनुरुप स्थानिय पुँजी परिचालन मार्फत आय आर्जन तथा रोजगारीको अवसर सृजना गरी कुखुरापालक कृषकहरुको आर्थिक अवस्था सुदृढ गर्ने ।

ग. मासु उत्पादन र उतपादकत्व अभिवृद्धि तथा खाद्य सुरक्षा प्रवद्वनमा योगदान गर्ने ।

घ. बजारको माग अनुसार गुणस्तरीय मासुजन्य उत्पादनको आपुर्ति गर्ने ।

**४. आर्थिक पक्षः-**

क. भीमफेदी गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत क्षेत्रःआर्थिक विकास उपक्षेत्रः पशुपंक्षी विकास तर्फ कुखुरा प्रवर्द्धन कार्यक्रम मा विनियोजित बजेटबाट खर्च हुनेगरी प्रति खोर बढीमा ५० प्रतिशत अनुदान रकम उपलब्ध गराईनेछ।

ख. प्रति खोर निर्माण अनुदान रकम आर्थिक विकास समितिको निर्णय बमोजिम लागु हुनेछ।

## परिच्छेद-२

**५. कृषक छनौट प्रकृया :**

क. भीमफेदी गाउँपालिकाले १५ दिनको सूचना प्रकाशन गर्नु पर्नेछ ।

ख. प्रस्तावकले अनुसुची-१ बमोजीमको निवेदन सम्बन्धित बडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

ग. विगत २ वर्ष भित्र यस कार्यक्रमसँग मिल्दोजुल्दो अनुदान कुनैपनि सरकारी संस्थाबाट नलिएको कृषक हुनुपर्छ ।

घ. आवेदनको सूचना म्याद समाप्ती पछि पर्न आएका आवेदन माथि कुनै कारवाही हुने छैन ।

ङ. आवेदन दिने म्याद सकिएपछि प्राप्त आवेदन सम्वन्धित शाखा तथा वडा कार्यालयले अनुगमन मूल्याङ्कन गरी कृषक छनौट गर्नेछ ।

च. कार्यक्रम समय सिमा भित्र सञ्चालन गर्ने प्रतिवद्धता लिखित जाहेरी गरेको हुनुपर्दछ ।

छ. वैदेशिक रोजगारीबाट फर्केका युवायुवती लाई पहिलो प्राथमिकता दिईनेछ ।

ज. अनुदानको विषयमा मिल्दोजुल्दो तालिम, शिक्षा आदीका प्रमाणपत्र भएकालाई पहिलो प्राथमिकता दिईनेछ

झ. फर्मको हकमा नवीकरण, दर्ता प्रमाणपत्र, करचुक्ता, स्थायी लेखा प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

ञ. किसानको हकमा नागरिकताको प्रतिलिपि र जग्गाको लालपूर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

ट. भाडामा लिएको जग्गाको हकमा न्युनतम १० वर्ष सम्मको करारनामा हुनुपर्नेछ ।

ठ. सम्बन्धित वडा समितिले कृषक छनौट गर्नेछ ।

ड. गाउँपालिकाको आर्थिक विकास समितिले स्थलगत अवलोकन पश्चात अनुमोदन गर्नेछ ।

**६. कार्यक्रम संचालन प्रक्रियाः**

क. भीमफेदी गाउँपालिकाले अनुसुचि-१ बमोजिम कार्यक्रम सूचना प्रकाशन गर्नेछ।

ख. भीमफेदी गाउँपालिको सबै वडामा कुखुराको खोर निर्माण कार्यक्रम गरिनेछ ।

ग. प्रत्येक वडामा पर्न आएको आवेदनलाई आर्थिक विकास समितिले अनुमोदन गरे पश्चात छनौट भएका कृषकको खोर निर्माण कार्य गरिनेछ ।

घ. खोर निमार्ण गर्दा प्रविधीक लागत अनुमान बमोजिम गर्नुपर्नेछ।

ङ. खोर निर्माण अनुदान ५० प्रतिशत मा नबढ्ने गरि भुक्तानी गरिनेछ ।

च. छनौट भएका कृषकले खोर निर्माण कार्यक्रममा ५० प्रतिशत रकम कृषक स्वयम्ले साझेदारी गर्नुपर्नेछ।

छ. छनौट भएका कृषक र भीमफेदी गाउँपालिका विच कार्यक्रम कार्यान्वयनका लागी अनुसुची-३ बमोजीम सम्झौता हुनेछ ।

**७. अनुदान रकम भुक्तानी प्रक्रियाः**

क. छनौट भएका कृषकलाई खोर सुधार कार्य सम्पन्न पश्चात लागत साझेदारीमा गाउँपालिकाबाट ५० प्रतिशत रकम उपलब्ध गराईनेछ ।

ख. सम्बन्धित वडा कार्यालयबाट कार्यकम सम्पन्न सिफारीस पेश गर्नुपर्नेछ ।

ग. अनुसुची-३ बमोजिम रकम भुक्तानीका लागि निवेदन पेश गर्नुपर्नेछ ।

घ. अन्य योजना अनुरुप अनुसुची-१३, १४ र २८ बमोजीम कार्यक्रम सम्पन्न खर्च विवरण पेश गर्नुपर्नेछ

ड. कार्यक्रमको बिल, भरपाई फोटो पेश गर्नुपर्नेछ ।

च. पशु सेवा शाखाबाट तथा प्राविधीक शाखाबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पश्चात कृषकको नाममा नियमानुसार भुक्तानी गरिनेछ ।

## परिच्छेद-३

**८. विविधः**

१) भीमफेदी गाउँपालिका भित्रका खोर निर्माण कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था खर्च शिर्षक नं. ३११३१ बाट भीमफेदी गाउँपालिकाले गर्नेछ ।

२) भीमफेदी गाउँपालिकाको अधिकार प्राप्त अधिकारीबाट अनुगमन गरी कार्यकम सम्पन्न हुनेछ ।

३) यो मापदण्ड कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा केहि थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

४) यो मापदण्ड कार्यान्वयनमा कुनै बाधा, अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः-२०७९/०५/२९

## अनुसूची १

## सूचना

## प्रस्ताव आवहान सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः-**

प्रस्तुत विषयमा यस भीमफेदी गाउँपालिका पशु सेवा शाखाको चा.लु. आ.ब………… वार्षिक स्वीकृत कार्यक्रम **कुखुरा प्रवर्द्धन कार्यक्रम अन्तर्गत कुखुराको व्यायसायिक खोर निर्माण कार्यक्रम** अन्तर्गत तपशिलको कार्यक्रम गर्नुपर्ने भएकोले यस गाउँपालिका भित्रका कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक/समुह/सहकारी/निजि फार्महरुले सम्बन्धित वडामा सूचना प्रकाशन भएको मितिले १५ दिन भिव आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैका लागी यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका, म्याद नाघेका र ग.त. आ.व.मा सरकारी निकायबाट अनुदान प्राप्त गरेका प्रस्तावकहरुको प्रस्ताव छनौटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिलः-

| क.सं. | कार्यक्रमको नाम | परिमाण | प्रति इकाई बजेट रु. | जम्मा बजेट रु. | प्रस्तावना पेश गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कुखुरा प्रबर्द्धन कार्यक्रम अन्तर्गत कुखुराको व्यायसायिक खोर निर्माण कार्यक्रम | | | | भीमफेदी गाउँपालिका कार्यालय | |

**आवश्यक कागजातहरुः-**

- अनुसूची- १ बमोजिमको निवेदन
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडाको सिफारिस
- लालपुर्जाको, प्रतिलिपि, भाडामा लिएको भए करारनामा
- सम्बन्धित निकायमा कृषक समुह/सहकारी/निजि फार्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि

प्रमाणिकरण मितिः-२०७९/०५/२९

अनुसूची २

**आवेदन**

मितिः

श्रीमान् वडा अध्यक्ष ज्यु,

भीमफेदी गाउँपालिका

..........नं. वडा कार्यालय

..............................., मकवानपुर

**विषयः कुखुराको व्यावसायिक खोर निर्माण कार्यक्रममा सहभागी गराउनुहन ।**

महोदय,

प्रस्तुत विषयमा यस भीमफेदी गाउँपालिका को मिति.................................को प्रकाशित सूचना अनुसार कुखुराको व्यावसायिक खोर निर्माण अनुदान कार्यक्रम रहेको हुदाँ उक्त कार्यक्रममा समावेश/सहभागी हुन पाउँ भनि आवश्यक कागजात सहित यो आवेदन पेश गर्दछु ।

**आवेदक**

नामः

ठेगानाः

सम्पर्क नं

**अनुसूची ३**

**भीमफेदी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भीमफेदी, मकवानपुर**

**सम्झौता पत्र**

श्री भीमफेदी गाउँपालिका, भीमफेदी मकवानपुर (यस पछि प्रथम पक्ष मानिने) तथा यस गाउँपालिका अन्तर्गतको भीमफेदी गाउँपालिका वडा नं...........मा गठन भएको.......................................................................... (यसपछि दोश्रो पक्ष भनिएको। विच मिति..............................मा देहायका शर्तका अधिनमा रहि कुखुरा प्रवर्द्धन कार्यक्रम अन्तर्गत व्यावसायिक खोर निर्माण गर्न मञ्जुर भई यो सम्झौता गरी एक एक प्रति आपसमा बुझिदियौ लियौ ।

**शर्तहरुः**

१) यो सम्झौता, सम्झौता भएको मिति................................ देखि प्रारम्भ भएको मानिनेछ र मिती................... मा समाप्त हुनेछ ।

२) प्रथम पक्षले यस कार्यक्रमको लागि बिनियोजीत रु.................... मध्ये दोस्रो पक्षसँग रु........................ बराबरको रकम साझेदारी गर्नेछ ।

३) दोस्रो पक्षले साझेदारी वापतको बाँकी रकमको व्यवस्था गरी मकवानपुर जिल्ला भीमफेदी गाउँपालिका........ नं. वडाको......................... भन्ने स्थानमा मिति............................. सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

४) दोश्रो पक्षले खोर सुधार गरे बापत प्रथम पक्षले प्राविधिक मूल्याङ्कन बमोजिम कार्य सम्पन्न गरिसके पश्चात प्रचलित नियमानुसार दोश्रो पक्षलाई अनुदान रकम उपलब्ध गराउने छ र कार्य पूर्ण रुपमा सम्पन्न नभएमा कुनैपनि भुक्तानि गराईने छैन। सो बापतको खर्च दोस्रो पक्षले स्वयमं व्यहोर्नुपर्नेछ।

५) प्रथम पक्षले स्थलगत अनुगमन, निरिक्षण तथा अध्ययन प्रतिवेदनका आधारमा दोश्रो पक्षको बैंक खातामा भुक्तनी गर्नेछ।

६) प्रथम पक्षले अनुदान रकम कुल लागतको ५० प्रतिशत वा बढिमा रु..................... मा नबढ्ने गरी मात्र दोश्रो पक्षलाई उपलब्ध गराउनेछ ।

७) गाउँपालिकाको प्राविधीक शाखा, पशु सेवा शाखा, अनुगमन समिति बाट अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछी मात्र भुक्तानी गरिनेछ।

८) कार्यक्रम संचालनको दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्यासीत रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९) गाउँपालिकाबाट तोकिएको मापदण्ड र प्रतिबद्धता बमोजिम कार्य नगरेमा, खोर निर्माण नगरेमा गाउँपालिका बाट उक्त गाउँपालिकाको लगानी वापत को रकम सरकारी बाकी सरह असुल उपर गरीनेछ।

१०) दोश्रो पक्षले खोर सुधार पश्चात अनिवार्य बाखा विमा गर्नुपर्नेछ ।

११) दोश्रो पक्षले प्रथम पक्षलाई अर्धवार्षिक रुपमा सम्बन्धित वडा कार्यालय, गाउँपालिका र पशु सेवा शाखामा अभिलेख सहित प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१२) दोश्रो पक्षले सम्झौता विपरित माथि उल्लेखित शर्तहरु भंग गरिएमा जुनसुकै समयमा पनि प्रथम पक्षले गाउँकार्यपालिको कार्यालय भीमफेदीबाट पास भएको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गराईनेछ ।

१३) दोश्रो पक्ष आफैले नगरी अन्य व्यक्ती वा संस्था मार्फत निर्माण तथा संचालन गराउन पाइने छैन ।

१४) प्रथम तथा दोश्रो पक्षको आपसी समझदारीमा सम्झौताका बुदाहरु थप घट हुन सक्नेछन्

**प्रथम पक्षको तर्फबाट** **दोश्रो पक्षको तर्फबाट**

..........................  ......................

**दस्तखत** **दस्तखत**

प्रमुख प्रशासकीय अधिकृत नामः

गाउँ कार्यपालिकाको कार्यालय, भीमफेदी ठेगानाः

**रोहवर**

..........................  ......................

**दस्तखत** **दस्तखत**

नामः नामः

पदः पद

इति सम्बत....................साल..............महिना......................गते रोज................ शुभम् ।

प्रमाणिकरण मितिः-२०७९/०५/२९

## अनुसूची ४

## अनुदान रकम भुक्तानि सम्बन्धि निवेदन ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु,

गाँउ कार्यपालिकाको कार्यालय

भीमफेदी, मकवानपुर

**विषयः खोर निर्माण अनुदान रकम भुक्तानी सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा यस भीमफेदी गाउँपालिका को मिति.................................को प्रकाशित सूचना अनुसार कुखुराको व्यावसायिक खोर निर्माण कार्यकम रहेको हुदाँ उक्त कार्यक्रममा सहभागी भई कार्यक्रम सम्पन्न भईसकेको हुनाले नियमानुसार यथार्थ विल भरपाई अनुरुप रकम भुक्तानी गरिदिनु हुन भनि यो आवेदन पेश गर्दछु ।

<u>आवेदक</u>

नामः

ठेगानाः

सम्पर्क नं.

आज्ञाले,

चेतनाथ न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत